चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

खग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

## सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक (बैठक संख्या-८३)

### मितिः- २०७८/०२/०२

**बैठकका प्रस्तावहरुः**

१. गत बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

२. प्रदेश समपुरक योजनाहरुको छनौट सम्बन्धमा ।

३. साना कृषि औजार तथा यन्त्र उपकरण अनुदान सम्बन्धमा ।

४. पेश्की रकम उपलब्ध गराउने सम्बन्धमा ।

५. स्थानीय तह प्रकोप ब्यबस्थापन कोषमा रकम ब्यबस्थापन सम्बन्धमा ।

६. संकट ब्यवस्थापन केन्द्रका निर्णय अनुमोदन सम्बन्धमा ।

७. सुरक्षित नागरिक आवास कार्यक्रमको पेश्की रकम उपलब्ध गराउने सम्बन्धमा

८. सुरक्षित नागरिक आवास कार्यक्रमको संशोधित लाभग्राहीहरुको पछि अनुमोदन हुने गरी संझौता गर्ने सम्बन्धमा ।

९. कोभिड-१९ नियन्त्रण तथा रोकथाम सम्बन्धमा ।

१०. प्यूठान नगरपालिकाको प्रकोप ब्यबस्थापन कोषमा रकम जम्मा गर्ने सम्बन्धमा

११. आर्थिक सहायता सम्बन्धमा ।

१२. करार सेवामा कर्मचारी भर्ना सम्बन्धमा ।

१३. साझेदारी कार्यक्रमको बजेट तथा संझौता सम्बन्धमा ।

१४ विविध सम्बन्धमा।

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

खग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

<u>सरुमारानी गाउँपालिका, गाउँकार्यपालिकाको बैठक मितिः- २०७८/०२/०२ का निर्णयहरु</u>

**निर्णय न. १. गत बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा ।**

मिति २०७८।१।१३ गतेको यस सरुमारानी गाउँपालिकाको ८२ औ कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको विषयमा समिक्षा गर्दा सबै निर्णयहरु कार्यान्वयनको प्रकृयामा गएकोले कार्यालयको कार्यसम्पादन सन्तोषजनक रहेको पाइयो ।

**निर्णय न. २. प्रदेश समपुरक योजनाहरु सम्बन्धमा ।**

लुम्बिनी प्रदेश सरकारको आ.ब.२०७८।०७९ को लागी समपुरक अनुदान योजनाको लागी च.न. १२६४ मिति २०७८।०१।१५ को प्राप्त पत्रानुसार प्राप्त बजेट सिलिङ्ग रु १,५०,००,०००/- बाट तपशिलका योजनाहरु छनौट गर्ने निर्णय गरियो ।साथै उक्त योजनाहरुमा यस सरुमारानी गाउँपालिकाको तर्फबाट ५० प्रतिशत लागत सहभागीता सहितको प्रतिबद्धता सहित प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न | योजना तथा कार्यक्रमको नाम | कुल लागत रु. | प्रदेश समपुरक | गा.पा. ले बेहोर्ने | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा कार्यालय भवन निर्माण वडा नं. २ | ५५,००,००० | २७,५०,००० | २७,५०,००० | |
| २ | वडा कार्यालय भवन निर्माण वडा नं. ४ | ५५,००,००० | २७,५०,००० | २७,५०,००० | |
| ३ | बड्डाँडा बजार क्षेत्र सडक कालोपत्रे योजना | १,१०,००,००० | ५५,००,००० | ५५,००,००० | |
| ४ | बड्डाँडा उपल्लोखुट्टी तिराम सडक नयाँ ट्र्याक निर्माण | ८०,००,००० | ४०,००,००० | ४०,००,००० | |
| | जम्मा | ३००००००० | १५०००००० | १५०००००० | |

**निर्णय न. ३ साना कृषि औजार तथा यन्त्र उपकरण अनुदान सम्बन्धमा ।**

यस गाउँपालिका अन्तरगत आर्थिक विकास समितिको मिति २०७८/१/१५ गते बसेको बैठकको निर्णय न. १ अनुसार प्रदेश शसर्त अनुदान अन्तर्गत साना कृषि औजार तथा यन्त्र उपकरण अनुदान शिर्षकको कार्यक्रम तथा बजेट बाडफाडलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय न. ४ पेश्की रकम उपलब्ध गराउने सम्बन्धमा ।**

यस गाउँपालिकाको चालु आ.ब. २०७७/०७८ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत संझौता भएका तपशिलका योजनाहरुको लागी नियमानुसार पेश्की रकम उपलब्ध गराउने निर्णय गरियो ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

२०७३

विश्वकर्मा
गा.पा. अध्यक्ष

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भग बहादुर ...
गा.पा. अध्यक्ष

तपसिल

१. छत्तिवन दमार लिफ्ट सिंचाई योजना वडा न. ४ (मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम)

**निर्णय न. ५ स्थानीय तह प्रकोप ब्यबस्थापन कोषमा रकम ब्यबस्थापन सम्बन्धमा ।**

यस गाउँपालिकाको चालु आ.ब. २०७७/०७८ को विषद ब्यबस्थापन कोषमा विनियोजन भएको रकमबाट स्थानीय तह प्रकोप ब्यबस्थापन कोष खातामा रु १०,००,०००/- ट्रान्सफर गरी खर्च गर्ने निर्णय गरियो ।

**निर्णय न. ६ संकट ब्यवस्थापन केन्द्रका निर्णय अनुमोदन सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिकाको मिति २०७८/१/१३, मिति २०७८/१/२४ गते, मिति २०७८/१/२६ गते र मिति २०७८/०२/०२ गते बसेको गाउँपालिका स्तरीय कोभिड-१९ संकट ब्यवस्थापन केन्द्र (RCCMC) का बैठकका सम्पुर्ण निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय न. ७ सुरक्षित नागरिक आवास कार्यक्रमको पेश्की रकम उपलब्ध गराउने सम्बन्धमा**

चालु आ.ब. २०७७/०७८ को लागी सघन शहरी तथा भवन निर्माण आयोजना दाङ्गको प्राविधिक सहयोग र संघिय सरकारबाट प्राप्त हुने अनुदान सहयोगमा सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत हाल सम्म रु ८५००००/- मात्र निकासा भएको हुदाँ मिति २०७७/११/११ गतेको सुरक्षित नागरिक आवास समन्वय समिति प्यूठानको बैठकबाट यस गाउँपालिकाका लागी छनौट भएका २०० घरधुरी मध्ये संझौता भएका र बैक खाता संचालन गरेका २८ लाभग्राहीलाई मात्र पहिलो किस्ताको रकम उपलब्ध गराउन सकिने भएको हुदाँ वडाको सिफारिसको आधारमा काम सुरु गरिसकेका र रकम अभाव भई काम गर्न समस्या परेका २८ घरधुरीहरुलाई पेश्की रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय न. ८ सुरक्षित नागरिक आवास कार्यक्रमको संशोधित लाभग्राहिहरुको पछि अनुमोदन हुने गरी संझौता गर्ने सम्बन्धमा ।**

चालु आ.ब. २०७७/०७८ को लागी सघन शहरी तथा भवन निर्माण आयोजना दाङ्गको प्राविधिक सहयोग र संघिय सरकारबाट प्राप्त हुने अनुदान सहयोगमा सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत मिति २०७७/११/११ गतेको सुरक्षित नागरिक आवास समन्वय समिति प्यूठानको बैठकबाट यस गाउँपालिकाका लागी छनौट भएका २०० घरधुरी मध्ये ४० लाभग्राही घरधुरीहरुको नाम संशोधन/परिमार्जनको लागी यस गाउँकार्यपालिकाको मिति २०७८/१/१३ गतेको बैठकको

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

भग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भग बहादुर वि...
गा.पा. अध्यक्ष

निर्णयबाट जिल्ला समन्वय समितिलाई अनुरोध गरिएकोमा हाल कोभिड-१९ दोश्रो लहरको महामारिका कारण जिल्लामा बैठक बस्न नसकेको र छनौट भएका घरधुरीहरुको घर जस्तापाता लगाउने तयारी अवस्था भएको र बर्षाद सुरु हुन लागेकोले प्रतिनिधि सभाको माननीय सांसदको निर्देशन बमोजिम लाभग्राही घरधुरीहरुको नाम संशोधन/परिमार्जनको निर्णय जिल्ला स्तरीय कार्यक्रम समन्वय समितिबाट पछि अनुमोदन हुने गरी हाललाई संशोधन/परिमार्जन भएका लाभग्राही घरधुरीहरुसंग संझौता गर्ने निर्णय गरियो ।

**निर्णय न.९ कोभिड-१९ नियन्त्रण तथा रोकथाम सम्बन्धमा ।**

- <u>कोभिड अस्थायी अस्पतालमा २ जना स्टाफ नर्स भर्ना सम्बन्धमा ।</u>

  गाउँपालिका स्तरीय कोभिड-१९ संकट ब्यवस्थापन केन्द्र **(RCCMC)** को मिति २०७८/१/२४ गते बसेको बैठकको निर्णय अनुसार कोभिड अस्थायी अस्पतालको लागी स्टाफ नर्सहरु अस्मिता पौडेल र अमिरुन निसासंग मिति २०७७/१/२६ गते सरुमारानी गाउँकार्यपालिकाको कार्यालयले गरेको करार संझौतालाई अनुमोदन गर्ने निर्णय गरियो ।

- <u>जोखिम भत्ता सम्बन्धमा ।</u>

  कोभिड-१९ संक्रमितहरुको उपचार तथा ब्यबस्थापनमा खटिने स्वास्थ्यकर्मी (गाउँपालिकाको स्वास्थ्य शाखा, आईसोलेशन केन्द्र (कोभिड अस्पताल) र ल्यावका कर्मचारी), नगर प्रहरी तथा अन्य सहयोगी कर्मचारीहरुलाई निजहरुले खाईपाई आएको तलवको ५० प्रतिशत जोखिम भत्ता र एम्बुलेन्स चालकलाई निजले कोभिड-१९ बाट प्रभावित विरामी लिएर जिल्ला भित्र खटिदा दैनिक रु ५०० र जिल्ला बाहिर खटिदा दैनिक रु १०००/ जोखिम भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

- <u>स्वास्थ्य सामाग्री खरिद गर्ने ।</u>

  हाल नेपाल र विश्वभर फैलिएको नयाँ भेरिएन्ट सहितको कोभिड-१९ महामारिको कारण विशेष परिस्थिति श्रृजना भएको र सामुदायिक स्वास्थ्यमा संकट पर्ने भएकोले आईसोलेशन केन्द्र संचालन, ब्यवस्थापन तथा विरामीहरुको लागी औषधिहरु उपचारको लागी अत्यावश्यक स्वास्थ्य सामाग्रि र औषधिहरु तत्काल खरिद गर्नु पर्ने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ अनुसार परामर्शदाता/सेवा प्रदायक संस्थाहरु प्रस्ताव लिई, बार्ता गरी उचित मुल्यमा खरिद गरी स्वास्थ्य सामाग्री ब्यवस्थापन गर्ने निर्णय गरियो ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँकार्यपालिकाको कार्यालय
बडडाँडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

भग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

- बजेट रकमान्तर ।

हाल नेपाल र विश्वभर फैलिएको नयाँ भेरिएन्ट सहितको कोभिड-१९ महामारिको कारण यस चालु आ.व. २०७७/०७८ मा काम्म गरी खर्च गर्न नसकिने तपशिलका योजना तथा कार्यक्रमहरुको बजेट रकमान्तरण गरी विषद ब्यबस्थापन कोषमा विनियोजन गर्ने निर्णय गरियो ।

१. जेष्ठ नागरिक आखा स्वास्थ्य शिविर संचालन रु ५,००,०००/-
२. स्वस्थ्य जिवनशैली योग साधना तथा आयुर्वेद सेवा र औषधि खरिद कार्यक्रम रु. २,००,०००/-
३. कुटिचौर वालविकास केन्द्र भवन निर्माण वडा न. ६ रु. २,५०,०००/-
४. बालदिवश कार्यक्रम रु. ६०,०००/-
५. अन्तराष्ट्रिय जातिय विभेद तथा रङ्गभेद उन्मुलन दिवश कार्यक्रम रु ८०,०००/-
६. राष्ट्रिय महिला दिवश कार्यक्रम रु. २०,०००/-
७. महिला शसक्तिकरण कार्यक्रम रु. ३,००,०००/-
८. अपांङ्ग सशक्तिकरण कार्यक्रम रु. १,२६,५००/-
९. जेष्ठनागरिक सम्बन्धि कार्यक्रम (परिचयपत्र वितरण अभियान)रु १,००,०००/-
१०. बालबालिका सशक्तिकरण कार्यक्रम रु. ५०,०००/-
११. खेलकुद तालिम प्रशिक्षण प्रतियोगिता र सामाग्री रु ५,००,०००/-
१२. स्वास्थ्य चौकी भवन निर्माण वडा न. २ रु ४,००,०००/-

जम्मा रु २५,८६,५००/-

साथै विपद व्यवस्थापन कोषमा रकमान्तरण गरेको उक्त रकम मध्येबाट रु २०,००,०००/- (बिस लाख मात्र) स्थानीय तह प्रकोप ब्यबस्थापन कोषमा ट्रान्सफर गरी खर्च गर्ने निर्णय गरियो ।

**निर्णय न.१० प्यूठान नगरपालिकाको प्रकोप ब्यबस्थापन कोषमा रकम जम्मा गर्ने सम्बन्धमा**

जिल्ला स्तरिय आईसोलेशन सेन्टर ब्यवस्थापन तथा परिचालन समितिको मिति २०७८/१/२४ गतेको बैठकको निर्णय अनुसार जिल्ला स्तरीय आईसोलेसन केन्द्र संचालनको लागी जिल्ला स्तरिय आईसोलेशन सेन्टर ब्यवस्थापन तथा परिचालन समिति प्यूठानको मिति २०७८/१/२४ च.न. ३ को पत्र अनुसार प्यूठान नगरपालिकाको नेपाल बैक लिमिटेडको नाममा रहेको स्थानीय प्रकोप ब्यवस्थापन कोषको खातामा रु २,००,०००/- दुई लाख यस गाउँपालिकाको स्थानीय प्रकोप ब्यवस्थापन कोषको खातावाट उपलब्ध गराउने निर्णय गरियो ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

भग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

खगबहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

**निर्णय न.११ आर्थिक सहायता सम्बन्धमा ।**

यस गाउँपालिकामा आर्थिक सहायताको लागी प्राप्त भएका निवेदन मध्ये निम्न ब्यक्तिहरुलाई सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल:

| सि.न | विरामी व्यक्तिको नाम /अभिभावकको नाम | ठेगाना | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | डिल बहादुर सुनार | वडा न. १ | १०,०००/- | विपद ब्यबस्थापन कोष |
| २ | राजु वि.क. | वडा न. १ | १०,०००/- | विपद ब्यबस्थापन कोष |
| ३ | कालि मिश्र | वडा न. ३ | ५०००/- | विपन्न असाहय सहायता |
| ४ | मुक्तिराम सारु | वडा न. ३ | ५०००/- | विपन्न असहाय सहायता |

**निर्णय न.१२ करार सेवामा कर्मचारी भर्ना सम्बन्धमा ।**

हाल नेपाल र विश्वभर फैलिएको नयाँ भेरिएन्ट सहितको कोभिड-१९ महामारिको कारण विशेष परिस्थिति श्रृजना भएको र स्वास्थ्य चौकीहरुको स्वीकृत स्थायी दरबन्दीहरुमा स्थायी कर्मचारीहरु पदपुर्ति हुन नसक्दा कोभिड-१९ को महामारिमा स्वास्थ्य सेवा प्रवाहमा कठिन भएकोले यस सरुमारानी गाउँपालिकाको स्वास्थ्य चौकीहरुको स्वीकृत दरबन्दी अनुसार रिक्त रहेको तपशिलका पदहरुमा तत्काल कर्मचारीहरुको सेवा करारमा नियुक्ति गरी स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी रुपमा संचालन गर्नु पर्ने भएकोले ७ दिने सूचना प्रकाशन गरी सरुमारानी गाउँपालिकामा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ बमोजिम पदपुर्ती गर्ने निर्णय गरियो ।साथै, यसरी सेवा करारमा नियुक्त भएका कर्मचारीहरुलाई नेपाल सरकारबाट प्राप्त शसर्त अनुदान शिर्षकको स्वास्थ्य तर्फका कर्मचारीहरुको लागी विनियोजित तलबभत्ता शिर्षकबाट नेपाल सरकारले तोकेबमोजिमको तलबभत्ता उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| सि.न | पद | आवश्यक संख्या | तह | कैफियत |
|---|---|---|---|---|
| १ | हेल्थ असिष्टेन्ट/ हे.ई | ३ | सहायक स्तर पाचौ | |
| २ | अ.हे.ब./हे.ई | १ | सहायक स्तर चौथो | |
| ३ | अ.न.मी/क.न. | २ | सहायक स्तर चौथो | |

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

खगबहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

**निर्णय न.१३ साझेदारी कार्यक्रमको बजेट तथा संझौता सम्बन्धमा ।**

यस कार्यालयबाट मिति २०७७/१२/२ गते साझेदारीमा कार्यक्रम संचालन सम्बन्धी सूचना प्रकाशन भई प्राप्त हुन आएका प्रस्ताव मुल्यांकन समितिको मुल्याकनको आधारमा २०७८/१/१३ गतेको कार्यपालिकाको बैठकको निर्णयले अनुमोदन गरेको र सोही बमोजिमको आशयको सूचना प्रकाशित गर्दा कोही कसैको दावी विरोध समेत नपरेको हुदाँ उक्त हेफर प्रोजेक्ट नेपालसँग संझौता प्रकृया अगाडी बढाउने, साथै मिति २०७७/१२/०१ को टिप्पणि आदेश बमोजिम प्रस्तावित बजेट आ.ब. २०७७/०७८ को लागी रु १५,००,०००/- आ.ब. २०७८/०७९को लागी रु.२,००,००,०००/- र आ.ब. २०७९/०८० को लागी रु.१,००,००,०००/- बजेट सुनिश्चितता गर्ने भनिएको र सोही बमोजिम प्रस्ताव पेश भएता पनि यस गाउँपालिकाको लागी आ.ब. २०७८/०७९ मा प्राप्त हुने संघिय बजेट, प्रदेश बजेट र आन्तरिक आय समेतको विश्लेषण गर्दा आ.ब. २०७८/०७९ मा रु २०००००००/- बजेट ब्यबस्थापन गर्न कठिनाई देखिएकोले साझेदारी कार्यक्रमको लागी आ.ब. २०७८/०७९ को लागी रु.१,५०,००,०००/- र आ.ब. २०७९/०८० को लागी १,५०,००,०००/- बजेट सुनिश्तता गर्ने प्रतिबद्धता गर्दै छनौट भएको संस्था हेफर प्रोजेक्ट नेपालसँग संझौता प्रकृया अगाडी बढाउने साथै यस आ.ब. गाउँपालिकाले विनियोजन गर्नु पर्ने बजेट रकम रु १५,००,०००/- साझेदारी कार्यक्रम शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय न. १४. विबिध सम्बन्धमा ।**

- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सम्बन्धमा ।

  शिक्षा तथा मानव विकास केन्द्र सानो ठिमि भक्तपुरको च.न. ३५६ मिति २०७७/१२/३० को पत्र अनुसार आ.ब. २०७७/०७८ को बार्षिक कार्यक्रम अनुसार राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागी कम्प्यूटर ल्याव स्थापना कार्यक्रम अन्तर्गत श्री श्रमरानी मा.वि. बुढिचौर तथा शिक्षामा नविनतम प्रविधि प्रवर्दन कार्यक्रममा खड्केश्वरी मा.वि. दर्भान, सत्य मा.वि. ददेरी तथा जनता मा.वि बड्डाडा

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

भीम बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

छनौट भई रु ६ लाख ५० हजारका दरले बजेट प्राप्त हुन आएको र कार्यक्रम कार्यान्वयन निर्देशिकाको क्रियाकलाप न. ३ र ५ बमोजिमको कार्यक्रम गर्दा कम्प्यूटर ल्याव तथा नविनतम प्रविधि जडान गर्दा फर्निचर सामाग्री समेत त्यसको प्रमुख हिस्सा रहने हुदा उक्त दुवै कार्यक्रममा विनियोजित रकम रु. ६ लाख ५० हजार बाट ५ लाख बराबरको कम्प्यूटर लगाएत डिजिटल सामाग्री तथा १ लाख ५० हजार बाट फर्निचर सामाग्री ब्यबस्थापन गर्ने गरी पेश हुन आएका/आउने प्रस्ताव स्वीकृत गरी संझौता गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

- सडक मर्मत सम्बन्धमा ।

यस सरुमारानी गाउँपालिका रासि नदि क्षेत्रबाट नदिजन्य पदार्थ निकासीको कार्य भईरहेको र ददेरी **ख** घाट क्षेत्रबाट नदिजन्य पदार्थ निकासीमा प्रयोग हुने सवारी साधन आवातजावत गर्न कठिनाई भएकोले उक्त बाटो मर्मतका लागी रु १० हजार रकम कन्टिन्जेन्सी रकम शिर्षकबाट विनियोजन गरी अमानतबाट यथाशिघ्र बाटो मर्मतको काम गराउने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो ।

प्रमाणिकरण मिति: २०७८।०२।०३

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

भीम बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष